annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १०२ पृष्ठ ८ | काठमाडौं, आइतबार २७ साउन २०८१ | श्रावण शुक्लपक्ष अष्टमी, नेपाल संवत् ११४४ | SUNDAY, AUGUST 11, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# बुटवल–नारायणगढको यात्रा, कहिलेसम्म दुर्दशा ?

**केशरराज क्षेत्री/गंगा खड्का** | *बुटवल*

**- को रिपोर्ट**

समाचार पृष्ठ २



बुटवल-नारायणगढ सडकले नागरिकलाई तड्पाइरहेको छ । बर्खामा हिलाम्मे र हिउँदमा धुलाम्मे हुँदा नागरिकको स्वास्थ्यमा प्रतिकूल असर परिरहेको छ । निर्माण थालिएको ६ वर्ष बितिसक्दासमेत यो योजना अझै पूरा हुन सकेको छैन । दोस्रो पटकसम्म म्याद थप्दासमेत पूरा नभएपछि अहिले तेस्रोपटक म्याद थपिएको छ । एक वर्षका लागि म्याद थपिएको छ तर योजनाको भौतिक प्रगति ५३ प्रतिशत मात्र भएको छ ।

**निर्माणाधीन बुटवल नारायणगढ सडकअन्तर्गत पश्चिम खण्ड ।** ● केशरराज क्षेत्री

### सडक बन्न ढिलाइका असरहरू

- साढे तीन वर्षमा सक्नुपर्ने ६ वर्षमा पनि सकिएन
- बल्ल आधा काम
- तेस्रोपटक थपिँदै म्याद
- निर्माणको थालनीमै कोभिड
- अन्तरसरकारी निकायबीच भएन समन्वय
- रूख कटानमै ढिलाइ
- बर्खाभरि निर्माण ठप्प
- सडक नबन्दा अर्बौं गुमाए : यातायात व्यवसायी
- पश्चिम नेपालको उद्योग, व्यवसाय तहसनहस
- नागरिक रोगको सिकार
- दुई घण्टाको दुरीमा ६ घण्टाको यात्रा
- नेताहरूको छैन चासो
- रास्वपाको दबाबमूलक पैदलयात्रा कर्मकाण्डी मात्र
- सडक देखेर लगानी गरेकाहरू निरुत्साहित
- नयाँ लगानीकर्ताको छैन चासो
- व्यवसायी किन्छन् करोडका गाडी
- पहिलो किस्ता तिर्न नपाउँदै लाखौंको मर्मत

## स्थानीय सरकारमा वित्तीय सुशासन



**ध्यानवीर राई**

इजलास

संघीय शासन प्रणालीको सुन्दर पक्ष भनेकै स्थानीय सरकारको लोकतान्त्रिक प्रणालीबाट नेतृत्व चयन गरी नागरिकको घर दैलोमा सेवा प्रवाह गर्नु हो। संघीय शासन प्रणालीलाई जीवन्त बनाउँदै स्थायित्व प्रदान गर्ने प्रमुख भूमिका स्थानीय सरकारको प्रभावकारिता तथा उनीहरूले अभ्यास गर्ने वित्तीय सुशासनका आयामहरूमा निर्भर हुन्छ।

स्थानीय सरकारले वित्तीय सुशासन कायम गर्न सर्वमान्य वित्त व्यवस्थापनका आधारहरू बजेट निर्माणदेखि लेखा परीक्षणसम्मका कार्यहरू गर्दै आएका छन्। संविधान, ऐन, कानुनले नै उनीहरूको छुट्टै आर्थिक कार्य प्रणाली सञ्चालन र वित्त व्यवस्थापनको निर्णय, नियन्त्रण, नियमन, उत्तरदायित्व र जवाफदेही अभ्यासको व्यवस्था गरेको छ। तथापी स्थानीय सरकारले वित्तीय अनुशासन तथा सुशासन कायम गर्न नसकेको गुनासो प्रतिदिन बढिरहेको छ।

आर्थिक वर्ष २०८१/८२ का लागि करिब ५० स्थानीय तहले संविधानतः तोकिएको समय सीमाभित्र नीति कार्यक्रम र बजेट ल्याउन सकेनन्। महालेखाको प्रतिवेदनअनुसार बेरुजुको प्रतिशत स्थानीय तहमा सबैभन्दा बढी हुनु, अख्तियारको प्रतिवेदनअनुसार भ्रष्टाचारका सबैभन्दा बढी मुद्दा स्थानीय सरकारविरुद्ध नै पर्नुले स्थानीय तहमा आर्थिक अराजकता बढेको पुष्टि गर्छन्।

नागरिकले प्रत्यक्ष अनुभूत गर्ने गरी काम गर्ने संवैधानिक दायित्वमा रहेका स्थानीय सरकारहरूले समयमा बजेट ल्याउन नसक्नु, पर्याप्त जनशक्तिको अभाव हुनु, बजेट निर्माण गर्दा अबन्डा रकम ठूलो अंकमा राख्नु, आन्तरिक नियमन प्रणाली कमजोर हुनु, आन्तरिक र अन्तिम लेखा प्रणालीबीच तादाम्यता नहुनु, अनुगमन, कमजोर मूल्यांकन र पृष्ठपोषण प्रणालीलगायतले आर्थिक अनुशासनहिनता बढेर बेरुजुको अंक बर्सेनि उच्च देखिन्छ। यसरी स्थानीय सरकारमा मौलाएको भ्रष्टाचारजन्य गतिविधिहरूले नागरिकमा निराशा छाएको छ।

*(राई प्रदेश लेखा एकाइ कार्यालय ओखलढुंगाका लेखा नियन्त्रक हुन्।)*

## माओवादी प्रस्ताव- प्रत्यक्ष कार्यकारी राष्ट्रपति

**राजकरण महतो** | *काठमाडौं*

माओवादी केन्द्रले राजनीतिक स्थायित्वका लागि 'प्रत्यक्ष कार्यकारी राष्ट्रपतिय' प्रणालीको प्रस्ताव अघि सारेको छ। कांग्रेस र एमालेले स्थायित्व नै खोजेको भए राष्ट्रपतिय प्रणालीमा सहमति जनाउन माओवादीले आग्रह गरेको छ।

पार्टी स्थायी समितिको शनिबारको बैठकमा पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको एजेन्डा पुनः उठाउने भन्दै यसका लागि कांग्रेस र एमाले पनि तयार हुनुपर्ने बताएका थिए। सरकार गठन गर्दा कांग्रेस र एमालेले संविधान संशोधन गर्ने सहमति गरेका थिए। माओवादीले संविधान संशोधन गर्दा शासन प्रणाली पनि फेर्नुपर्ने प्रस्ताव अघि सारेको हो।

संविधान निर्माणका क्रममा माओवादीले प्रत्यक्ष कार्यकारी राष्ट्रपतिय शासन व्यवस्थाको प्रस्ताव गरेको थियो। तर, कांग्रेस र एमाले तयार नभएपछि 'सुधारिएको संसदीय प्रणाली' मा सहमति जुटेको थियो। माओवादीको फरक मतसहित ०७२ मा संविधान जारी गरिएको थियो।




'प्रत्यक्ष कार्यकारी राष्ट्रपतिय' शासन प्रणालीको एजेन्डा लिएर माओवादीले सदन, सडक र जनतामा जाने विषयमा बैठकमा छलफल भएको थियो। संसदीय व्यवस्थाले देशमा राजनीतिक अस्थिरता पैदा गरेको माओवादीले ठहर गर्दै ९ वर्षअघि थाती राखेको यो एजेन्डालाई फेरि उठाउन लागेको हो। सत्ताबाट बाहिरिएपछि माओवादीलाई फेरि शक्तिशाली बनाउने उद्घोष गर्दै पार्टी बैठकमा प्रचण्डले नेताहरूको धारणा सुनिरहेका छन्।

पार्टी प्रवक्ता अग्नि सापकोटाका अनुसार अध्यक्ष प्रचण्डले शुक्रबार र शनिबार स्थायी समिति बैठकको सुरुवातमै विशेष समय लिएर लामो बहस गर्दै पार्टीको वैचारिक, राजनीतिक, संगाठनिक परिस्थिति र कार्यभारका बारेमा धारणा राखेका थिए।

> कांग्रेस र एमालेले स्थायित्व नै चाहेको हो प्रत्यक्ष कार्यकारी राष्ट्रपति शासन व्यवस्था लागू गरौं । त्यसले मात्रै देशलाई स्थायित्व दिन्छ ।
>
> **अग्नि सापकोटा**, प्रवक्ता, माओवादी

**'प्रत्यक्ष कार्यकारी राष्ट्रपति' किन ?**

अध्यक्ष प्रचण्डले बैठकमा 'प्रत्यक्ष कार्यकारी राष्ट्रपति'को एजेन्डा अघि सार्नुको कारण र औचित्यबारे नेताहरूलाई प्रष्ट पारेका थिए। 'प्रत्यक्ष कार्यकारी राष्ट्रपतिको मुद्दालाई हाम्रा पार्टी अध्यक्ष प्रचण्डजीले बैठकमा अधिकारिक र संस्थागत रूपमा उठाउनुभएको छ', प्रवक्ता सापकोटाले भने, 'सत्तामा कब्जाका लागि देशमा अस्थिरता, विकृति, विसंगतिको कुरा गरिँदै छ। त्यसबाट देशलाई बचाउन प्रत्यक्ष कार्यकारी राष्ट्रपतिको आवश्यकता देखियो।'

» बाँकी पृष्ठ ६

## नेपाली स्याटेलाइटका लागि भारतको विदेश मन्त्रालय र न्यु स्पेसबीच समझदारी

**अन्नपूर्ण** (काठमाडौं) : नेपालमा बनेको स्याटलाइट प्रक्षेपणका लागि भारतको विदेश मन्त्रालय र न्यु स्पेस इन्डिया लिमिटेडबीच समझदारी पत्रमा हस्ताक्षर भएको छ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)ले बनाएको मुनाल स्याटलाइट प्रक्षेपणका लागि दुई पक्षबीच अनुदान सहयोग उपलब्ध गराउने समझदारीपत्रमा हस्ताक्षर भएको भारतीय विदेश मन्त्रालयले जनाएको छ। विदेश मन्त्रालयको तर्फबाट अनुराग श्रीवास्तव र न्यु स्पेस इन्डिया लिमिटेडका तर्फबाट निर्देशक श्री अरुनाचलम एबीच समझदारी पत्रमा हस्ताक्षर भएको हो।

कार्यक्रममा नास्टका सचिव डा. रवीन्द्रप्रसाद ढकाल र भारतका लागि कार्यवाहक नेपाली राजदूत डा. सुरेन्द्र थापा र अन्तरिक्ष प्रतिष्ठान नेपालका संस्थापक डा. अभास मास्के सहभागी थिए। गत पुस १९ गते नेपाल-भारतबीचको संयुक्त आयोगको बैठकमा नेपालले बनाएको स्याटलाइटलाई भारतको सहयोगमा प्रक्षेपण गर्ने सहमति भएको थियो।

## ३२ बाख्राको गोठालो पुन्टु


**लक्मी तामाङ** | *काठमाडौं*

जनावरमध्ये सबैभन्दा बफादार र चलाख- मानिन्छ, कुकुर। यस भनाइलाई कटुन्जे, भक्तपुरका ओमकार बुढाथोकीको गोठाले कुकुर पुन्टुले प्रमाणित गरिदिएको छ। पुन्टुले दिनहुँ बुढाथोकीका ३२ वटा बाख्रा चराउने गरेको छ।

बुढाथोकीले करिब तीन वर्षअघि कटुञ्जेको बाटोमा खुट्टा भाँच्चिएको अवस्थामा पुन्टुलाई भेटेका थिए। उनले पुन्टुलाई घर लगे। औषधि उपचार गरे। दुई महिनापछि पुन्टु पूर्णरूपले स्वस्थ भयो। हिँड्डुल गर्न र कुद्न थाल्यो। तन्दुरुस्त भएपछि बुढाथोकीलाई पछ्याउँदै पुन्टुले बाख्राको गोठालो गर्न थालेको हो।

बागलुङका बुढाथोकी विगत १४ वर्षदेखि कटुन्जेमा बसोबास गर्दै आएका छन्। पाँच वर्षदेखि व्यावसायिक रूपमा बाख्रापालन गर्न थालेका हुन्। बुढाथोकी दैनिक सूर्यविनायक नगरपालिकास्थित गुन्डुको जंगलमा ३२ वटा बाख्रा चराउन जान्छन्। दिनमा करिब दुई वा तीन घण्टा बाख्रा चराउने समय अवधिभर पुन्टुले निकै चनाखो भएर बाख्राको रेखदेख गर्ने गरेको उनले बताए।

गुन्डुको जंगल हुँदै पलाञ्चोक मन्दिर नजिकैको चौरसम्म जाने बाटोमा पुन्टुले आफू अगाडि-अगाडि लागेर बाख्राहरूलाई डोऱ्याउँदै बाटो सुरक्षित भए, नभएको जाँच्ने गरेको बुढाथोकीले सुनाए। पुन्टुले आफ्ना बाख्राको नजिकै अरू कुनै बाख्रालाई पनि आउन नदिने र मान्छेले छुन खोज्दा पनि टोक्न जाने बताउँदै बुढाथोकी भन्छन्, 'यसले अरू कसैको बाख्रालाई मेरो बाख्रासँग मिसिन दिँदैन।' बाख्रा चर्ने क्रममा चौरमा अलि टाढाटाढासम्म बाख्रा गएमा पुन्टुले उक्त बाख्राको कान टोकिदिने र आफ्नै बाख्राहरूको बथानमा फर्काउने गरेको बुढाथोकीले बताए। 'मेलै जा-जा भनेपछि टाढाटाढा गएका बाख्राको कान टोकिदिन्छ र फर्काएर ल्याउँछ', उनले भने। पुन्टुले गोठालो गर्न सघाउन थालेदेखि बाख्रा चराउन निकै सहज भएको बुढाथोकीको अनुभव छ। पुन्टुले गोठालो गर्नुअघि जंगलमा बाख्रा चराउँदा बाख्राहरू यत्रतत्र छरिने हुँदा थाहै नपाउने गरी बाघ र चितुवाले बाख्राहरू खाइदिने समस्या धेरै भोगेको उनी स्मरण गर्छन्। तर, अहिले पुन्टुले बाख्राहरूलाई टाढाटाढा जान नदिने र बाघ वा चितुवा आइहाले पनि भुकेर सबै बाख्राहरूलाई एकै ठाउँमा जम्मा पार्ने भएकाले बाख्राहरू पहिलेभन्दा निकै सुरक्षित भएको उनले जनाए। घाम लाग्दा होस् या पानी पर्दा, पुन्टुले बफादारिताका साथ बाख्राको गोठालो लाग्ने गरेको भन्दै बुढाथोकीले पुन्टुको तारिफ गरे।



**गुन्डुस्थित जंगलमा बाख्रासँग जाँदै पुन्टु ।** ● लक्मी तामाङ

पुन्टुले मासु भात होस् या दूध भात, केही खाँदैन। उसको दैनिक आहार बिस्कुट हो। त्यसैले आफूले सधैं भिर्ने झोलामा पुन्टुको लागि बिस्कुट बोकेर हिँड्ने गरेको बुढाथोकीले बताए। उनका अनुसार पुन्टुले दिनमा एक सय रुपैयाँबराबरको बिस्कुट खान्छ।

बुढाथोकीको परिवार अहिले भक्तपुरको झौखेलमा बस्छन्। उनी भने बाख्रापालनका लागि कटुन्जेमा एक्लै बस्ने गरेका छन्। त्यही भएर पनि पुन्टु अहिले उनको सबैभन्दा नजिकको साथी भएको छ। उनी हाल बसेको घरमा पुन्टु ढोकामै बस्ने हुँदा कोही अञ्जान व्यक्तिलाई भुकेर आउन दिँदैन। यसले गर्दा आफूले सुरक्षित महसुस गरेको बुढाथोकीले पुन्टुको टाउकोमा थपथपाउँदै भने।

» बाँकी पृष्ठ ६